'सुन्दर , शान्त, समृद्ध, सभ्य, बगनासकाली गाउँको सार,आर्थिक सामाजिक पर्यटन र पुर्वाधार विकासको दिगो आधार'

# बगनासकाली गाँउपालिकाको आर्थिक वर्ष २०७५/०७६ को नीति तथा कार्यक्रम प्रस्तुतिकरण समारोहमा प्रस्तुत नीति तथा कार्यक्रम :

- सभाध्यक्षज्यू,
- प्रमुख अतिथिज्यू,
- विशिष्ठ अतिथिज्यूहरू,
- स्थानिय राजनीतिक दलका प्रतिनिधि ज्यूहरू,
- प्रमुख प्रशासकिय अधिकृत ज्यू,
- गाँउपालिका प्रवक्ताज्यू,
- श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिका सदस्यज्यूहरू,
- राजश्व परामर्श समिति समितिका सदस्यज्यूहरू,
- न्यायिक समितिका सदस्यज्यूहरू,
- बजेट तयारी समितिका सदस्यज्यूहरू,
- विषयगत समितिका सदस्य ज्यूहरू,
- विभिन्न कार्यालयका प्रमुख एवं प्रतिनिधिज्यूहरू,
- पत्रकार महासंघ पाल्पाका प्रमुखज्यू,
- बगनासकाली पत्रकारहरूको तदर्श समितिका संयोजकज्यू,
- गाँउपालिकाका विषयगत शाखाका प्रमूख एवं उपप्रमूख ज्यूहरू,
- स्थानीय शिक्षा समितिका पदाधिकारीज्यूहरू,
- विभिन्न सरकारी तथा गैह्र सरकारी संघ, संस्थाका प्रमुख एवं प्रतिनिधिज्यूहरू,
- गाउँपालिकामा रहनु भएका महिला, बालवालिका,आदिवासी/जनजाति, दलित, अपाङ्ग, जेष्ठ नागरिक, युवा लगायत विभिन्न वर्ग, समूह र समितिमा प्रतिनिधित्व गर्नुहुने प्रमुख एवं प्रतिनिधिज्यूहरू,
- कर्मचारी, सुरक्षाकर्मी, पत्रकार, सामाजिक परिचालक मित्रहरू,
- एवं आदरणीय गाउपालिका निबासी आमा- बुवा , दाजु-भाई तथा दिदी- बहिनीहरू ,

सर्वप्रथम, बगनासकाली गाउपालिकाको आ.व. २०७५/७६ को नीति तथा कार्यक्रम प्रस्तुतिकरण समारोहमा पाल्नुहुने प्रमूख अतिथि, विशिष्ट अतिथि, विशेष अतिथि र सम्पूर्ण अतिथिहरूमा हार्दिक स्वागत एवं धन्यवाद ज्ञापन गर्न चाहन्छु । मुलुक केन्द्रिकृत शासन प्रणालीबाट संघीय लोकतान्त्रिक शासन व्यवस्थामा रूपान्तरण भएको छ । हामी जनप्रतिनिधीहरू लोकतन्त्रको अभ्यास गर्ने अवसर प्राप्त गरेका छौं । यस उपलक्ष्यमा यस्तो अवसर प्रदान गर्नुहुने ज्ञात-अज्ञात सम्पूर्ण शहिदहरू प्रति स्मरण एवं भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्न चाहान्छु ।

जनसमूदायको चाहना अनुसार नेपाल सरकाको मिति २०७३ चैत्र २७ गतेको निर्णय अनुसार पाल्पा जिल्लाका नौ वटा गा.वि.स.हरू चिर्तुङ्धारा, पोखराथोक, नायरनमतलेश, खानीछाप, दर्लमडाँडा, यम्घा, खानीगाँउ, बराङ्दी र चापपानी समाहित भई बगनासकाली गाउपालिका गठन गरिएको व्यहोरा यहाँहरू जानकार नै हुनुहुन्छ । 'सुन्दर, शान्त, समृद्ध, सभ्य,बगनासकाली गाँउको सार, आर्थिक, सामाजिक, पर्यटन र पूर्वाधार विकासको दिगो आधार' भन्ने प्रमुख नीति एवं मूलमन्त्र सहित प्रथम गरिमामय गाउसभा सम्पन्न गरि दिगो विकास, सु-साशन र जनसेवाका लागि शुरू गरिएको यात्रा पनि करिब १ वर्ष व्यथित हुन लागि सकेको छ । यस अवधि मा सुचाङ्कमा देखिने गरि नै विकास गर्न नसकिएता पनि हामी समृद्धिको दिशा तर्फ उन्मूख हुन जग बसाल्ने प्रयास गरिरहेका छौं । उज्यालो बगनासकाली अभियान, फुसरहित घर अभियान, बगनासकाली आवाज पत्रिका प्रकाशन, ऐन कानुन निमार्ण, न्यायिक समिति गठन र निरन्तरता, वालमैत्री स्थानिय शासन अभियान, कृषि क्रान्ति, आधुनिकिकरण र यान्त्रिकरणको शुरूवात, जन स्वास्थ्य अधिकार सुरक्षित, पशुपंक्षि विकास एवं शैक्षिक गुणस्तर अभिवृद्धिका यावत प्रयासहरू उदाहरणका रूपमा लिन सकिन्छ ।

राज्य पूर्नसंरचना गरि संघीय शासन लागु गर्ने सन्दर्भमा साविक चिर्तुङ्धारा गा.वि.स.को शिरमा रहेको धार्मिक स्थल बगनासदेविस्थान र साविक यम्घा, दर्लमडाँडा एवं खानिगाउ गा.वि.स.को काखमा बहने पवित्र नदि कालीगण्डकी जस्ता दुई पवित्र स्थलहरूको संयोजनबाट नामांकित यस बगनासकाली गाउपालिकाको आ.व. २०७५/७६ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा म अत्यन्त गौरवान्वित भएकि छु ।

हाम्रो गाउँपालिकाको आर्थिक, सामाजिक, सांस्कृतिक विविधता एवं भौगोलिक अवस्थाका आधारमा हाम्रा विकासका पूर्वाधारहरू तय गर्दै जानु पर्ने अवस्था रहेको छ । स्थानीय तहमा क्रियाशिल राजनैतिक दलहरू, स्थानीय समुदाय र गाउँपालिकाको संयुक्त प्रयासमा स्थानीय श्रोत, साधन र क्षमतालाई महत्तम परिचालन गरि सामाजिक, आर्थिक क्षेत्रमा परिवर्तन ल्याउन पूर्वाधार विकास एवं क्षमता विकासका कार्यक्रमहरू मार्फत विकासलाई अगाडि बढाउन उपयुक्त देख्दछु । गाउँपालिका भित्रका आर्थिक सामाजिक अवस्था कमजोर भएका आम जनताको भावनालाई समेटेर हामी जनसमूदायमा सन्तुलित विकासका लागि श्रोत परिचालन गर्नु पर्ने हाम्रा सामु चुनौती रहेको छ । सिमित श्रोत साधन, न्यून आन्तरिक श्रोत , आम जनतालाई दैनिक सेवा प्रवाह गर्नुपर्ने हाम्रा कार्यालय भवन अस्थायी रहेको, वडा कार्यालय भवनहरू जीर्ण एवं अपुरा रहेका, प्राय गाउँपालिकाका सबै भेगमा सहज आवागमनका लागि बाह्रै महिना चल्ने सडक नभएको अवस्था हामी सामु छ । उल्लेखित समस्या, चुनौतीहरूको सामना गर्न सबै गाउँवासीको सहयोग, सहभागिता, सहमति र समझदारीबाट मात्र सम्भव रहन्छ ।

आदरणिय महानुभावहरू,

यस गाउँपालिकाको पूर्वमा रम्भा गाउँपालिका, पश्चिममा तानसेन नगरपालिका, उत्तरमा कालीगण्डकी नदी र दक्षिणमा माथागढी गाउँपालिका रहेका छन् । यीनै चारकिल्लाको बीचमा रहेको यस बगनासकाली गाउँपालिका बजार उन्मूख बस्तिको रूपमा स्थापित हुन गैरहेको छ । यस गाउँपालिकामा सडक, खानेपानी, विद्युत, शिक्षा, स्वास्थ्य जस्ता आधारभूत सेवा सुविधाको गुणस्तरमा वृद्धि गर्दै गाउको छुट्टै पहिचान कायम गर्न ढिलो गर्न नहुने तर्फ सम्पूर्ण जनसमूदायहरू चनाखो हुनु पर्ने देखिन्छ । यस बगनासकाली गाउँपालिका क्षेत्रका महत्वपूर्ण योजनाहरूलाई यहांका क्रियाशिल राजनैतिक दल, सामाजिक संघ संस्था, समाजसेवी, उद्योगी, ब्यवसायी, संचारकर्मी एवं आम जनताहरूको सहयोग र सहभागितामा अघि बढाउदै दीगो विकासलाई ब्यवस्थित र स्थापित गराउन पर्यत्नशिल रहेका छौं ।

स्थानिय सरकार संचालन ऐन, २०७४, बगनासकाली गाँउकार्यपालिकाबाट पारित गाउँ सभा संचालन कार्यविधि , २०७४ लगायत यसमा आवश्यक पर्ने अन्य ऐन, नियमहरूलाई आधार मानी सोही अनुसार कार्यान्वयनका लागि नीति तथा कार्यक्रम प्रस्तुतिकरण समारोह समक्ष पेश गरेकी छु ।

यस नीति तथा कार्यक्रमहरू तयारीको क्रममा विभिन्न राजनैतिक दल, वडा समितिहरू, बिषयगत समितिहरू,विषयगत शाखाहरू, विभिन्न सामाजिक संघ संस्थाहरू, विषयगत कार्यालयहरू, पत्रकार वन्धुहरू र कर्मचारी साथीहरूको सक्रिय सहभागितामा नीति तथा कार्यक्रमहरू तयार गरी यस समारोहमा पेश गरेकी छु ।

आजको नीति तथा कार्यक्रम प्रस्तुतिकरण समारोहमा प्रस्तुत गरेका नीति तथा कार्यक्रमहरू सिंगो गाउपालिकालाई समृद्ध तर्फ डोऱ्याउने आधारशिला हुन् । नीति तथा कार्यक्रम बनाउने क्रममा यहांहरूले दिएको राय सुझाव तथा अब प्राप्त हुने राय सुझावहरूलाई समेत आवश्यकता र औचित्यका आधारमा आसन्न कार्यपालिका बैठकबाट थपघट एवं संशोधन गरि दोस्रो गरिमामय गाँउसभाबाट पारित गराई कार्यान्वयनमा लगिनेछ ।

*आदरणिय उपस्थित महानुभावहरू,*

आर्थिक वर्ष २०७५/०७६ को प्रस्तावित उद्देश्य, नीति , कार्यक्रम तथा बजेट तर्जुमा गर्दा निम्न बिषयलाई मार्गदर्शन को रूपमा लिइएको छ ।

- नेपालको संविधान -२०७२
- स्थानीय सरकार सञ्चालन ऐन २०७४
- संघीय तथा प्रदेशको नीति,कार्यक्रम तथा बजेट सिलिङ्ग
- स्थानीय तहको नीति, कार्यक्रम तथा बजेट निर्माण र सार्वजनिक सम्पत्ति हस्तान्तरण कार्यविधि, २०७४
- बगनासकाली गाउँ कार्यपालिकाबाट पारित कार्यविभाजन नियमावली, २०७४
- बगनासकाली गाउँ कार्यपालिकाबाट पारित कार्यसम्पादन नियमावली, २०७४
- चालु त्रिवर्षिय योजनाले निर्दिष्ट गरेका लक्ष्य र उद्देश्यहरू,
- गाउँ क्षेत्र भित्रका सरकारी तथा गैरसरकारी संघ संस्था एवं प्रवुद्ध ब्यक्तिहरूबाट प्राप्त राय सुझाव र परामर्श,

**(१) प्रमुख नीति** : गाउँको दीगो विकासका लागि *''सुन्दर शान्त, समृद्ध, सभ्य बगनासकाली गाउँको सार आर्थिक, सामाजिक, पर्यटन र पूर्वाधार विकासको दीगो आधार ''*

**(२) दीर्घकालीन नीति :**

- एकीकृत र दीर्घकालीन विकासको लागि आवधिक पञ्चवर्षीय योजना तर्जुमा गरी कार्यान्वयन गर्ने ।
- गाउँ क्षेत्रको समग्र विकासको लागि बृहत एकिकृत गाउंविकास योजना (**Coprehensive integrated town Development Plan**) तयार गर्ने ।
- गाउँको भू-उपयोग र आवास नीति तर्जुमा गरि समुन्नत गाउंको रूपमा विकास गर्ने ।
- गाउँ -चक्रपथको पहिचान गरि विकास र विस्तार गर्ने ।
- पर्यटन विकास विस्तार र प्रवर्द्धनका लागि गाउँस्तरीय पर्यटन गुरूयोजना तयार गर्ने ।
- गाउँ क्षेत्रभित्रका सम्भावित करका क्षेत्रहरूको पहिचान गरि दायरा बिस्तार गर्ने ।
- औद्योगिक विकास र कृषिलाई ब्यवसायीकीकरण गरी रोजगारी मार्फत गरिवी न्यूनीकरणमा टेवा पुऱ्याउने ।
- सार्वजनिक सम्पत्तिको पहिचान गरी संरक्षण र सम्वर्द्धन गर्ने ।
- सार्वजनिक, निजी, साझेदारी नीति कार्यान्वयन गर्न जोड दिने ।
- शिक्षा, स्वास्थ्य, भाषा, साहित्य र खेलकुदको विकास गर्ने ।
- सूचना प्रविधिको विकास र विस्तार गरी सेवा प्रवाहमा छरितो तुल्याउने ।
- सरसफाई र वातावरण संरक्षणमा अग्रणी नमूना गाउँपालिकाको रूपमा स्थापित गर्ने ।
- स्वदेशी गाउँपालिका, नगरपालिका वा कुनै एक अन्तर्राष्ट्रिय नगरसँग भगिनी सम्बन्ध कायम गर्ने ।

**(३) उद्देश्य :**

- विकासका पूर्वाधारहरूको विस्तार पहुँच बस्तीस्तरसम्म वृद्धि गरी विकासका अवसरहरूलाई पर्याप्त उपयोग गर्ने अवस्थाको सुनिश्चितता गर्ने ।
- समावेशी र समन्यायिक विकासको अवधारणा मार्फत विभिन्न वर्ग, क्षेत्र, लिङ्ग, सम्प्रदाय, जातजातीको श्रोत साधनमा पहुँच अभिवृद्धि गर्ने ।
- उत्पादनमूलक क्षेत्रमा ब्यवसायिकता र उद्यमशीलताको विकास एवं सामाजिक परिचालन मार्फत गरिवी न्यूनीकरण गर्ने ।
- विकासको दृष्टिले पछाडी परेका वडाहरूमा प्राथमिकताका साथ विकास कार्यक्रमहरू पुऱ्याई जनताको सामाजिक आर्थिक रूपान्तरण गर्ने ।
- सुरक्षित खानेपानी, सरसफाई र स्वास्थ्य सम्वन्धी चेतनाको स्तरोन्नती गरि दीर्घकालीन लक्ष्य प्राप्तिमा टेवा पुऱ्याउने ।
- विकास कार्यक्रम तथा आयोजनाहरू सञ्चालन गर्दा सरोकारवालाहरू वीच समन्वय गर्दै जनसहभागिता, पारदर्शिता र उत्तरदायित्व वढाई सु-शासनको प्रत्याभूति दिने ।
- वातावरणमैत्री, बालमैत्री स्थानीय शासनको अनुभूति हुने गरि नीति निर्माण र कार्यान्वयन गर्ने ।
- कृषि एवं पर्यटनलाई ब्यवसायिकरण गरी आय आर्जन वृद्धि गर्ने ।
- सवृद्ध, समुन्नत र श्रोत सम्पन्न गाउँपालिकाको रूपमा विकास गर्ने ।

**(४) क्षेत्रगत नीति :**

गाउँपालिकाले आर्थिक वर्ष २०७५/०७६ मा देहाय बमोजिमको क्षेत्रगत नीतिहरू अवलम्वन गरिनेछ:-

**क. आर्थिक नीति :**

- कृषिलाई आधुनिकीकरण र ब्यवसायिकरण गरी आर्थिक विकासको मेरूदण्डको रूपमा विकास गर्ने नीति लिइने छ ।
- कृषि उपज संकलन तथा विज भण्डारण (**Seed Bank**) स्थापना गरी गै.स.स. एवं निजी संस्थाहरूको साझेदारीलाई अभिवृद्धि गर्ने नीति लिइने छ ।
- एकवडा एक उत्पादन कृषि तथा पशुजन्य उत्पादनहरूको पकेट क्षेत्र, गोठ सुधार, नश्ल सुधार जस्ता कार्यक्रमहरूलाई विशेष महत्व दिने नीति अवलम्वन गरिने छ ।
- यस क्षेत्रमा रहेका वित्तीय संघ संस्थाहरूसंग असल समन्वयको नीति लिइनेछ ।
- साना, मझौला तथा ठूला उद्योग स्थापना, संचालन एवं प्रवर्द्धन गर्ने विशेष नीति लिइनेछ ।

- बगनास देवीस्थान, दर्लममहाकाली, राम नदि धाम, बौद्ध विहार, शिवासन मन्दिर जस्ता धार्मिक तथा पर्यटकीय स्थानहरूलाई ग्रामीण पर्यटनको रूपमा संरक्षण र विकास गरी पर्यटन प्रवर्द्धन गरिने छ।
- अर्थतन्त्रको एक खम्बाको रूपमा रहेको सहकारीको सञ्जाल फराकिलो र बलियो बनाई आम जनताको आर्थिक -सामाजिक जीवनस्तर उन्नतीको नीति लिइनेछ।

**ख. सामाजिक विकास नीति :**

- विद्यालयहरूको भौतिक निर्माणमा सहयोग गरी शैक्षिक गुणस्तर सुधार कार्यक्रममा जोड दिइनेछ।
- गाउँपालिका स्तरीय शिक्षा समिति गठन गरी शिक्षा सम्बन्धी कार्यक्रमहरूको समन्वय गरिने छ।
- महिला, बालवालिका, आदिवासी/ जनजाती, दलित, अपाङ्ग, जेष्ठनागरिक, पिछडा वर्ग लगायत आर्थिक सामाजिक दृष्टिकोणले पछाडि परेका सबै वर्ग समूह र समुदायका उत्कृष्ट विद्यार्थीलाई प्रोत्साहित गर्न विशेष पुरस्कार र प्रशंसाबाट सम्मान गरिने छ।
- यस क्षेत्रमा रहेका स्वास्थ्य चौकीहरू,उप-स्वास्थ्य चौकीहरू, स्वास्थ्य क्लिनिकहरू, भौतिक निर्माण तथा गुणात्मक सेवाको विकास र विस्तारमा आवश्यक सहयोग पुऱ्याइने छ।
- गाउँपालिकाको पायक पर्ने स्थानमा १५ शैयाको अस्पताल स्थापना गर्न पहल गरिने छ।
- सुरक्षित मातृत्व, स्वास्थ्य वीमा, एम्बुलेन्स सेवा, स्वास्थ्य स्वयसेविका प्रोत्साहन, २४ घण्टे प्रसुति सेवा, बालवालिकाको पोषण सुधार, योग शिविर र स्वास्थ्य शिविर जस्ता स्वास्थ्य कार्यक्रमलाई विशेष महत्व दिइने छ।
- गाउँपालिका क्षेत्रभित्रका पानीका श्रोत तथा मुहानहरूको संरक्षण गरी आम जनतालाई स्वच्छ पिउने पानी सरल र सुलभ तरिकाले उपलव्ध गराउने नीति लिइनेछ।
- ''राष्ट्रका लागि खेल, जीवनका लागि खेल'' भन्ने राष्ट्रिय नीतिलाई चरितार्थ गर्न गाउंपालिकास्तरीय र वडास्तरीय खेलकुद मैदान स्थापना गर्न पहल गर्ने नीति लिइनेछ।
- लागु औषध दुर्व्यसनी, धुम्रपान, मद्यपान तथा सुर्तीजन्य पदार्थको सेवन जस्ता सामाजिक विकृतिहरू हटाईनेछ।

**ग. पूर्वाधार विकास नीति :**

- साविक नौं वटै गा.वि.स. हरू (चिर्तुङ्गधारा, पोखराथोक, नायरनमतलेस, खानीछाप, दर्लमडाँडा, यम्घा, खानीगाऊ, चापपानी, बराङ्गदी) समेटेर सहज आवागनम गर्नका लागि बाह्रै महिना सवारी साधन चल्ने (**All Weather Rural Roads**) बाटो बनाउने नीति लिइने छ।
- बगनासकाली गाउँपालिका भित्रका सम्पूर्ण सडकहरूको न्यूनतम मापदण्ड (**Road Norms**) तयार गरिनेछ
- गाउंपालिका भित्र सडकहरू ब्यवस्थित विकास गर्न गाउँ यातायात गुरूयोजना (**Rural Transport Master Plan-RTMP**) तयार गरि कार्यान्वयन गरिनेछ। गाउंपालिकाले निर्माण गर्ने सडकहरूको वर्गिकरण गरि कालोपत्रे सडक, ग्राभेल र कच्ची सडकहरूको नामाकरण गरि उक्त सडकहरूमा पर्ने जग्गाको लगत कट्टा गर्न मालपोत तथा नापी कार्यालयसंग समन्वय गरिने छ।
- गाउँपालिकको सुविधा सम्पन्न भवन निर्माण कार्य अगाडि बढाइने छ।
- सडक योजनाहरू सर्भे, डिजाइन तथा इष्टिमेट पछि मात्र कार्यान्वयन गरिने नीति लागू गरिने छ।
- गाउँपालिका क्षेत्रभित्र उपयुक्त स्थानमा भ्यू टावर, बसपार्क, चिल्ड्रेन पार्क, जेष्ठ नागरिक पार्क, गाउँ हल निर्माण, सडक बत्ति जडान जस्ता पूर्वाधार निर्माणमा विशेष जोड दिइनेछ ।
- भू-उपयोग योजना (**Land Pooling**) कार्यक्रम, वैज्ञानिक गाउँ विकास (**Town Planning**) आवधिक वार्षिक योजना, राष्ट्रिय भवन संहिता, सडक मापदण्ड निर्धारण जस्ता कार्यक्रम तयार गरी लागू गर्न प्राथमिकता दिइने छ।
- वातावरण संरक्षण सहितको दीगो विकासको नीति अवलम्बन गरिने छ।

**घ. वातावरण तथा विपद् ब्यवस्थापन नीति :**

- वातावरणमैत्री स्थानीय शासन अवलम्बन गरिनेछ।
- गाउँपालिकाको मुख्य नीति सुन्तर शान्त समृद्ध सभ्य बगनासकाली गाउँको सार, आर्थिक, सामाजिक, पर्यटन र पूर्वाधार विकासको दीगो आधारलाई मुर्तरूप दिइनेछ।

- हरित गाउँ बनाउन सडक क्षेत्रको निर्माण/स्तरोन्नती गर्दा सडकको दाया बाँया निश्चित दूरीमा वृक्ष रोपण गरेपछि र अन्य निर्माण कार्यहरूको हकमा फरफारक गर्नु अघि कम्तिमा २ वटा रूख रोपे पछिमात्र भुक्तानी दिने व्यवस्थालाई शुरूवात गरिने छ।
- गाउँपालिकालाई पूर्ण सरसफाई तर्फ अगाडी बढाउने खालका कार्यक्रमहरू ल्याइनेछ।
- फोहर मैलालाई घर घरमा वर्गिकरण गरी आफै व्यवस्थापन गर्न उत्प्रेरित गर्ने कार्यलाई अभियानका रूपमा लिइनेछ।
- एकवडा एक पार्क, एक वडा एक वालवाटिका पार्क निर्माण गरिने छ। गाउंका सार्वजनिक जग्गाहरूको तथ्यांङ्कीकरण गरी उपयुक्त स्थानमा सार्वजनिक पार्क/वोटानिकल गार्डेन निर्माण गर्दै सार्वजनिक जग्गाको संरक्षण गर्ने नीति लिइनेछ।
- स्थानीय स्तरमा स्थानीय दैवी प्रकोप उद्धार समिति गठन एवं परिचालन गरिनेछ।
- भू-क्षय, बाढी, पहिरो, आगलागी, डढेलो नियन्त्रणका लागि विभिन्न संघ संस्थाहरूको समन्वयमा कार्यक्रम संचालन गर्न विशेष पहल गरिनेछ।
- गाँउपालिका क्षेत्र भित्र उत्पादन हुने जैविक र अजैविक फोहोरहरूको वैज्ञानिक व्यवस्थान गर्न उपयुक्त स्थानमा १ ल्याण्ड फिल साइट स्थापना गरिनेछ।

**ङ. संस्थागत विकास,सेवा प्रवाह र सु-शासन नीति :**

- कार्यालय व्यवस्थापन, सार्वजनिक सेवा प्रवाहमा प्रभावकारीता ल्याइनेछ।
- प्रशासनीक खर्चलाई सीमा भित्र राख्न आन्तरिक राजश्व वृद्धि एवं प्रशासनिक खर्च मितव्ययी बनाउन अधिकत्तम प्रयास गरिनेछ।
- स्थानीय शान्ति सुरक्षा कायम गर्न एवं सामाजिक विकृति विसंगती विरूद्धका गतिविधिहरू रोक्न गाउँ प्रहरी / प्रहरी कार्यालयहरूसंग समन्वय गरिनेछ।
- न्यायीक सेवा प्रवाहका लागि उचित कार्यक्रम तथा इजलासको व्यवस्था गरिनेछ।
- गाउँपालिकाको आम्दानी र खर्च सार्वजनिकीकरण गरिनेछ।
- सुशासन अभिवृद्धिका लागि सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण, नागरिक वडापत्र, नोडेल अफिसर, सूचना अधिकारी जस्ता विषयलाई उचित चासो दिइनेछ।
- गाउँपालिकाको आर्थिक प्रशासनलाई पारदर्शी वनाउने, आय, लेखा, मालपोत, **web protol** जस्ता **software** जडान गरिने छ।
- विकास निर्माण र जनसेवालाई प्रभावकारी बनाउन गाँउपालिका कार्यालय र वडा कार्यालय लाई साधन र स्रोत सम्पन्न गराउन विशेष पहल गरिनेछ।
- गाँउपालिकालाई **Free Wifi Zone** बनाइनेछ।
- प्रत्येक वडा कार्यालयहरूमा इन्टरनेट जडान गरि गाँउपालिका र वडा कार्यालय बिच **Networking** गरिनेछ।
- गाउँपालिकामा रिक्त रहेका पदहरूमा पूर्ति गर्दै लगिने छ।
- सूचना मैत्री शासन लागू गरिने छ। नागरिकले पाउनु पर्ने हरेक सूचना सहज रूपमा उपलव्ध गराइनेछ। हरेक महिना मासिक प्रगतिको सार्वजनिकीकरण गरिनेछ।
- कर्मचारीहरूलाई उत्प्रेरित गरि सिमित जनशक्तिबाट अधिकतम उपलब्धी हाँसिल गर्न उचित सम्मान, पुरस्कार र दण्डको नीति अवलम्वन गरिनेछ।

**६. बिषयगत नीति :**

गाउँपालिकाले आर्थिक वर्ष ०७५/७६मा देहाय वमोजिमका बिषयगत नीतिहरू अवलम्बन गर्नेछ :-

**(क) राजश्व तर्फ :**

- सिमित स्रोत र साधनको उच्चतम परिचालन गरिनेछ।वडा तहबाट उठेको कर /राजश्व वडा तहकै विकासमा खर्च गरिनेछ।

- राजश्व तर्फ चालु आ.व. मा बगनासकाली गाउपालिकाबाट लिइदै आएको विभिन्न शिर्षक अनुसारको दस्तुरमा राजश्व परामर्श समितिको सिफारिसमा यस सम्मानित गाउँसभाबाट यस आ.व.का लागि पारित भएका सबै कर, महशुल, दस्तुर, शूल्क, रोयल्टी, जरिवाना र मापदण्डहरूको कार्यान्वयन गरिनेछ।
- राजश्वका दरहरू जनमैत्री तथा दायराहरू बढाउने कुरालाई प्राथमिकता दिइएको छ।

**(ख) कृषि तर्फ :**

- बगनासकाली गाँउपालिका भित्रका सम्पूर्ण खेतीयोग्य जमिन बाँझो नराख्ने नीति अवलम्बन गरिनेछ।
- बाली बिमा कार्यक्रमलाई कार्यान्वयनमा ल्याइनेछ।
- कृषि प्रणालीलाई व्यवसायिकरण र प्रतिस्पर्धात्मक कृषि प्रणालीमा रूपान्तरण गरी जीवनस्तरमा क्रमिक सुधार ल्याइने छ।
- उर्वरा कृषि भूमिलाई गैर कृषिको रूपमा प्रयोगमा ल्याउने कार्यलाई निरूत्साहित गरिनेछ।
- राजमार्ग एवं सहायक राजमार्गको छेउछाउमा अदुवा, कफी, सुन्तला, मकै जस्ता वढी मूल्य पर्ने कृषि उत्पादनको पकेट क्षेत्र निर्माण गरिनेछ।
- कृषि उत्पादनको संकलन, प्रशोधन, संचय र ढुवानी गर्ने कार्यलाई विशेष अनुदानको व्यवस्था गरिनेछ।
- हानिकारक किटनाशक औषधीको अत्यधिक प्रयोग गरी कृषि उत्पादन गर्ने वर्तमान प्रवृत्तिलाई निरूत्साहित गरी समूहमा आर्गनिक खेतीगर्ने किसान समूह, सहकारीलाई जैविक मल बनाउने तालिम र वीऊमा अनुदान एवं आर्गनिक उत्पादनको पहिचान सहित बजारीकरणमा सहयोग गरिनेछ।
- व्यवसायिक रूपले कृषि व्यवसाय गर्ने किसान वा किसान समूहलाई विशेष अनुदानको व्यवस्था गरिनेछ।
- स्थानीय स्तरमा निम्न आयश्रोत भएका महिला, दलित, एकल महिला, सिमान्तकृत वर्ग तथा विपन्न वर्गलाई विऊ, वेर्ना नर्सरी स्थापनामा विशेष अनुदान दिइनेछ।
- स्थानीय स्तरमा रहेका जडीवुटी, डालेघाँस एग्रो फरेष्टीका साथ उन्नत पशुपालनमा वढावा दिइनेछ।
- गउँपालिकाको भौगोलिक वनौटलाई दृष्टिगत गरी वेमौषमी तरकारी खेती, पुष्पखेती, पशुजन्य उत्पादनका लागि कृषकलाई प्रोत्साहन गर्ने कार्यक्रम ल्याइने छ।
- कृषि उत्पादन बढाउन एवं संरक्षण गर्न **बाली बिमा** कार्यक्रम ल्याइनेछ। बाँदर, दुम्सी लगायतका वन्यजन्तुहरूबाट बालीनाली क्षति गर्न नदिन विषेश पहल गरिनेछ।

**(ग) पशुपालन तर्फ :**

- पशुपालन व्यवसायलाई मर्यादित, आधुनिक र व्यवसायिक बनाइनेछ।
- मासु , अण्डा र दुधमा आत्मनिर्भर हुने खालका कार्यक्रम ल्याइनेछ।
- पशुजन्य पदार्थमा गुणस्तर नियमन गरि स्वास्थ्य पशुजन्य उत्पादनको उपभोग गर्न पाउने अधिकार सुनिश्चित गरिनेछ।
- पशुपंक्षी विमा कार्यक्रमलाई कार्यान्वयनमा ल्याइनेछ।
- कृतिम गर्भाधान सेवालाई व्यवस्थित र सहज बनाइनेछ।
- पशुमा नश्ल सुधार गरी उत्पादनमा वृद्धि गरिने छ।
- घाँसमा आधारित पशुपालन गरी उत्पादन लागत घटाइनेछ।
- पशुपालन व्यवसायलाई स्वरोजगारमुखी बनाई युवा स्वरोजगार सिर्जना गरी वैदेशिक पलायनलाई कमी गरिनेछ।
- पशुजन्य उत्पादनलाई बजारीकरण र विविधिकरण गरिनेछ।
- गुणस्तरीय तथा स्वास्थ्यकर पशजन्य उत्पादनको वेचबिखनलाई बजारीकरण र नियमन गरिनेछ।
- पशु रोगहरूको पहिचान गरी रोग लाग्नबाट बचाउन पशु स्वास्थ्य सेवा कृषक समक्ष पुऱ्याइने छ।
- एक गाउं एक प्राविधिक राष्ट्रिय कार्यक्रमलाई निरन्तरता दिई प्रभावकारी बनाइनेछ।

**(घ) शिक्षा तर्फ :**

- गाँउपालिका भित्रका सबै बालबालिकाहरू विद्यालय भर्ना गर्ने र कुनै पनि बालबालिका विद्यालय बाहिर नरहने नीतिलाई अवलम्बन गरिनेछ।
- विद्यालय भर्ना नभएका प्राथमिक उमेर समूहका सम्पूर्ण बालबालिकालाई विद्यालय भर्ना गराउन वडा सदस्यहरू मार्फत प्रोत्साहित गरिनेछ।
- शिक्षकहरूको शिक्षण सिकाइ क्षमता अभिवृद्धि गर्नका लागि विषयगत तथा सूचना प्रविधि तालिम दिइदै लगिनेछ।
- शैक्षिक गुणस्तर सुधार गर्न शैक्षिक सामाग्री, भौतिक सामाग्री, विज्ञान र कम्प्युटर प्रयोगशाला जस्ता विषयमा सहयोग पुऱ्याइनेछ।
- शिक्षकहरूलाई पाठ्यपुस्तक, पाठ्यक्रम लगायत नविनतम ज्ञानको पुर्नताजगीका लागि प्रतियोगात्मक कार्यक्रमहरू संचालन गरिनेछ।
- संस्थागत तथा सामुदायिक विद्यालयहरूको पठन-पाठनलाई एकरूपता ल्याउन तथा गुणस्तर वृद्धि गर्न सबै विद्यालयहरूलाई सहकार्य गर्न जोड दिइनेछ।
- बालविकास केन्द्र र विद्यालयस्तरमा गुणस्तरीय शिक्षा प्रदान गर्न वालमैत्री पूर्वाधार तथा भौतिक निर्माणमा जोड दिइनेछ।
- गाउँपालिका भित्रका सबै वालबालिक विद्यालय भर्ना गर्ने र कोही बालबालिका पनि विद्यालय वाहिर नरहने नीतिलाई अवलम्वन गरिनेछ।
- गुणस्तरीय शिक्षा र मितव्ययीताका लागि विद्यालय मर्जको व्यवस्थालाई अवलम्वन गरिनेछ।
- गांउपालिका भित्र संचालनमा रहेका संस्थागत तथा सामुदायिक विद्यालयहरूको पठन-पाठनलाई एकरूपता ल्याउन पाठ्यक्रम तथा पाठ्यपुस्तकको एकरूपता गर्ने नीति अवलम्वन गरिनेछ।
- शिक्षामा आधुनिकीकरण गर्न गाँउपालिका क्षेत्रभित्र उपयुक्त स्थानमा कम्तिमा २ वटा प्राविधिक शिक्षालय स्थापना गरिनेछ।
- शिक्षाबाट वञ्चित वालवालिकाको शिक्षामा पहुँच बढाउन गाउपालिकाको उपयुक्त स्थानमा सुविधा सम्पन्न छात्राबास (**Hostel**) निर्माण गर्ने नीति अवलम्बन गरिनेछ।

**(ङ) स्वास्थ्य तर्फ :**

- स्वास्थ्य संस्था भन्दा टाढा रहेका स्थानमा सामुदायिक स्वास्थ्य इकाई स्थापना गरी स्वास्थ्य सेवा संचालन गर्न पहल गरिनेछ।
- बालमृत्युदर र मातृमृत्युदर घटाउन आगामी ५ वर्ष भित्र शुन्य होमडेलीभरी घोषणा गरी सुरक्षित मातृत्व कार्यक्रम अवलम्वन गरिनेछ। यसका लागि प्रत्येक वडाका स्वास्थ्य संस्थाहरूमा वर्थिङ्ग सेन्टर स्थापना गरिनेछ।
- शुद्ध खानेपानीको व्यवस्थापन गरी पानीजन्य रोगलाई न्यूनीकरण गरिनेछ।
- गाउँपालिका भित्रका किशोर किशोरीहरूको स्वास्थ्य सचेतना अभिवृद्धि गर्न कार्यक्रम संचालन गरिनेछ।
- स्वास्थ्य संस्थामा कार्यरत कर्मचारी तथा महिला स्वा. स्वयम सेविकाहरूको कार्यसम्पादन मूल्यांकन गरी उत्कृष्ट कर्मचारी/म.स्वा.से. लाई पुरस्कृत गरिनेछ।
- महिला स्यंम सेविकालाई कार्यको चांप हेरी आर्थिक प्रोत्साहन गरिनेछ।
- दिर्घरोग लाग्न बाट बचाउन नियन्त्रमुखी कार्यक्रम ल्याइनेछ। दिर्घरोग लागि सकेका जनतालाई आवस्था र औचित्यताका आधारमा नि:शुल्क औषधि उपलब्ध गराउने नीति लिइनेछ।
- गाउंपालिकाका अशक्त असहाय, अति विपन्न नागरिकहरूका लागि घरदैलोमा स्वास्थ्य सेवा उपलब्ध गरिनेछ।
- गाउंपालिका भित्र सबै विद्यालयहरूमा विद्यालय स्वास्थ्य कार्यक्रम संचालन गरिनेछ।
- गाउंपालिका भित्र स्वास्थ्य जीवन शैलीको अभ्यासका लागि योग शिविर, स्वास्थ्य शिविर, प्राकृतिक चिकित्सा पद्धतिको अवलम्वन गरिनेछ।
- स्थानीय तह बाटै सबै स्वास्थ्य सेवा उपलब्ध गराउन सबै वडातहमा स्वास्थ्य प्रयोगशाला (**Lab**) स्थापना गरिदै लगिनेछ।
-

**(च) पर्यटन तर्फ :**

- पर्यटकिय गुरूयोजना बनाई लागु गरिनेछ।
- यस क्षेत्रका सम्भावित पर्यटकीय क्षेत्रहरूको प्रचार प्रसार गरिनेछ।
- पर्यटनलाई आर्थिक विकासको रूपमा लिन होमस्टे र ग्रामीण पर्यटनलाई प्रवर्द्धन गरिनेछ।
- आन्तरिक पर्यटन र वाहय पर्यटनलाई आकर्षण गरी उनीहरूको स्टे-दिन-दर वढाउने कार्यक्रम ल्याइनेछ।
- गाँउपालिका भित्र रहेका सम्पूर्ण धार्मिक पर्यटकिय क्षेत्रहरूको संरक्षण एवं प्रर्वधन गरिनेछ।

**(छ) युवा तथा खेलकुद तर्फ :**

- गाउँपालिकाका युवा,युवति शक्तिहरूलाई स्वदेशमै बसी योगदान गर्न सक्ने वातावरण तयार गर्ने विभिन्न ब्यवसाय, रोजगारी सिर्जना गर्ने तालिम, शिक्षा लगायतका विविध कार्यक्रम ल्याइनेछ।
- वैदेशिक पलायन रोक्न स्वदेशमै स्वरोजगार गर्न चाहने युवा, युवति हरूलाई विशेष अनुदानको कार्यक्रम ल्याइनेछ।
- सामाजिक विकृतिमा फसेका युवा/युवती शक्तिलाई त्यस्ता गतिविधिबाट टाढा राख्न पुर्नस्थापना गर्ने विभिन्न कार्यक्रम ल्याईनेछ।

**(ज) गरिवी निवारण तर्फ :**

- यस क्षेत्रका गरिव, निमुखा, सुकुम्वासीहरूको तथ्याङ्क अध्यावधिक गरी उनीहरूको आर्थिक, सामाजिक विकासको लागि स्वरोजगारमूलक, शिपमूलक तालिमहरू संचालन गरिनेछ।
- सार्वजनिक जग्गामा बसेका सुकुम्बासीहरूको वैकल्पिक ब्यवस्था गर्न सवन्धित निकायसंग समन्वय गरिनेछ।

**(झ) सहकारी तर्फ :**

- गाउपालिका क्षेत्रभित्र सहकारीहरूको सञ्जाललाई बलियो वनाइनेछ।
- आर्थिक गर्जो टार्न र साना तिना आर्थिक समस्या सहकारी मार्फत समाधान गर्ने वातावरण मिलाइनेछ।

**(ञ) सामाजिक परिचालन तर्फ :**

- गाउँपालिका स्तरीय सामाजिक परिचालन समितिको गठन गरी सामाजिक परिचालन सम्वन्धी कार्यक्रमहरू प्रभावकारी रूपमा सम्पन्न गरिनेछ।
- गाँउपालिकाको सर्वाङ्गिण विकासमा जनप्रतिनिधिहरूलाई समाजिक सेवामा सहयोग पूऱ्याउन टोल विकास संस्था स्थापना र परिचालन गरिनेछ।

**(ट) लक्षित वर्ग तर्फ :**

**(अ) महिला तर्फ :**

- महिलाहरूको क्षमता अभिवृद्धको लागि विभिन्न सशक्तिकरणका कार्यक्रम संचालन गरिनेछ।
- महिलाहरूको लागि आयमूलक कार्यक्रमका विशेष अनुदानको ब्यवस्था गरिनेछ।
- महिला हिंसा, घरेलु हिंसा, चेलीवेटी वेचविखन जघन्य अपराध विरूद्ध विविध कार्यक्रम ल्याइनेछ।
- महिला अधिकार सम्वन्धि जानकारीमूलक कार्यक्रम संचालन गरिनेछ।
- महिलाको प्रजनन् अधिकार सुरक्षित गरिनेछ।

**(आ) बालवालिका तर्फ :**

- बालवालिका विकासका गतिविधिहरू संचालन गर्न गाउपालिकामा गाउपालिकास्तरीय र प्रत्येक वडामा वडास्तरीय वाल सञ्जाल गठन गरिनेछ।
- बालमैत्री स्थानीय शासन लागू गरिनेछ।
- बालबालिकहरूको तथ्याङ्क संकलन र अध्यावधिक गरिनेछ ।
- विद्यालय भर्ना हुन र अध्ययन गर्न नसक्ने गरिव तथा विपन्न बालवालिकाहरूलाई गाउपालिकाबाट विशेष छात्रवृत्ति र सहयोग उपलव्ध गराइनेछ।
- वालश्रम न्यूनीकरण देखि रोक्नसम्म विशेष पहल गरिनेछ।
- गाउँपालिका क्षेत्रभित्रका सम्पूर्ण बालवालिकाहरूलाई वाल अधिकार सम्वन्धि सु-सूचित गरिने छ।

**(इ) दलित तर्फ :**

- दलित वर्गको समग्र आर्थिक सामाजिक उन्नतीको लागि परम्परागत ज्ञान र शीपलाई ब्यवसायिक बनाउन विशेष कार्यक्रम सञ्चालन गर्न पहल गरिनेछ।
- दलित वर्गको उत्थानका लागि मागमा आधारित कार्यक्रम संचालन गरिनेछ।

**(ई) आदिबासी/जनजाति तर्फ :**

- आदिवासी तथा जनजाती वर्गको समग्र आर्थिक सामाजिक विकासका लागि शिपमूलक तालिम र सशक्तिकरणका कार्यक्रमहरू संचालन गर्न पहल गरिनेछ।
- आदिबासी/जनजाती वर्गको उत्थानका लागि मागमा आधारित कार्यक्रम संचालन गरिनेछ।

**(उ) जेष्ठ नागरिक तर्फ :**

- जेष्ठनागरिकिहरूका लागि आत्मसम्मान हुने गरी सम्मान गरिनेछ।
- सामाजिक सुरक्षा भत्ता बैंक मार्फत वितरण हुने प्रक्रियालाई सहजीकरण गरिनेछ।
- गाउँपालिका क्षेत्रभित्र रहेका वृद्धाश्रमहरूको स्तरोन्नती गरिनेछ र आवश्यक ठाउमा थप वृद्धाश्रमको स्थापना गर्न पहल गरिनेछ।
- अनुभवका खानीका रूपमा रहेका जेष्ठनागरिकहरूको बौद्धिक ज्ञान उपयोग गर्ने विशेष कार्यक्रम ल्याइने छ।
- जेष्ठ नागरिकहरूको उचित स्याहार-सुसार तथा आदर गर्ने परिवार/संरक्षकलाई विषेश पुरस्कार र सम्मान गर्ने कार्यक्रम ल्याइनेछ।

**(ऊ) अपाङ्ग तर्फ :**

- अपाङ्ग वर्गको वर्गिकृत तथ्याङ्क संकलन गरी अध्यावधिक गरिनेछ।
- गाउंपालिका क्षेत्रभित्रका अपाङ्गहरूलाई आवश्यकता अनुसार ह्विलचियर, सेतोछडी जस्ता सामाग्री वितरण गरि जीवन सहज गराउन पहल गरिनेछ।
- पूर्णरूपमा अपाङ्ग भएका व्यक्तिहरूका लागि नि:शुल्क स्वास्थ्य विमा गर्ने नीतिलाई प्राथमिकता दिइदै लगिनेछ।

उपरोक्त नीति तथा कार्यक्रमहरू नीति तथा कार्यक्रम प्रस्तुतिकरण समारोहमा उपस्थित हुनु भएका अतिथिज्यूहरूबाट प्रभावकारी कार्यान्वयनका लागि सल्लाह र सुझावको अपेक्षा गरेकि छु। गाउँपालिकामा उपलब्ध स्रोत र साधनले धान्न नसकेका आयोजनाहरूलाई केन्द्र तथा प्रदेशमा पठाइनेछ। गाउँपालिकाको समष्टिगत विकासको लागि सहयोग पुऱ्याउनु हुने राष्ट्रिय योजना आयोग, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, प्रदेश सरकार, नेपाल सरकारका अन्य मन्त्रालयलगायत विकास साझेदार संस्थाहरू सँग गाउपालिकाको प्राथमिकताका आधारमा आवश्यक बजेट विनियोजना गरिदिनु हुन हार्दिक आग्रह गर्दछु।

आ.व.२०७५/७६ को वार्षिक नीति तथा कार्यक्रम प्रस्तुतिकरण गर्ने सिलसिलामा महत्वपूर्ण योगदान पुऱ्याउनु हुने प्रमुख अतिथि, विशिष्ट अतिथिहरू, राजनैतिक दलका प्रतिनिधिज्यूहरू, राजश्व परामर्श समितिका सदस्यूहरू,साझेदार संस्थाहरू, गैससहरू, पत्रकारहरू, निजी क्षेत्र, सम्पूर्ण संघसस्था लगायत सम्पूर्ण कर्मचारीहरूमा विशेष धन्यवाद ज्ञापन गर्दछु।

हाम्रो आमन्त्रणलाई स्वीकार गरी आफ्नो कार्य व्यस्तता भएतापनि उपस्थित भई यस कार्यक्रमको गरिमा बढाई दिनु हुने प्रमुख अतिथि, विशिष्ट अतिथि एवं सर्म्पूण अतिथिज्यूहरूमा विशेष आभार प्रकट गर्दछु। सिमित स्रोत, साधन र जनशक्तिको सिमिततालाई ध्यान दिदै रचनात्मक सुझाव दिन, गलत कदम उपर समयमै खबरदारी गर्न र राम्रा कार्यहरूलाई प्रशंसा गर्न आग्रह गर्दछु। अन्तमा नीति तथा कार्यक्रम तयार गर्न प्रत्यक्ष अप्रत्यक्ष रूपमा सहयोग पुऱ्याउने यहांहरू सबैलाई आभार व्यक्त गर्दै धन्यवाद ज्ञापन गर्दछु।

**जय, बगनासकाली।**

**सरस्वती चिदी**
**उपाध्यक्ष**

**२०७५ असार १०गते , आइतबार।**

## चालु आ. व. ०७५/०७६ को अनुमानित आय-ब्यय बिवरण

**क) आय अनुमान :**

**चालु आ.व. मा यस गाउँपालिकाको लागि कूल बजेट रू. ४३ करोड ४४ लाख २८ हजार रूपैंया मात्र प्रक्षेपण गरिएको छ। जस मध्ये सशर्त पूँजीगत तर्फ १५ करोड ६८ लाख, वित्तीय समानीकरण अनुदान तर्फ ७ करोड ८० लाख, राजश्व बाडफाड तर्फ ५ करोड २८ लाख २८ हजार र प्रदेश शभा अनुदान, सम्पुरक कोष प्रक्षेपण, आन्तरिक श्रोत प्रक्षेपण, वाह्यश्रोत प्रक्षेपण र सामाजिक सुरक्षा समेतमा १४ करोड ६८ लाख रूपैया अनुमान गरिएको छ।**

**ख) व्यय अनुमान :**

**आर्थिक वर्ष २०७५/७६ को लागि रू. ४३ करोड ४४ लाख २८ हजार रूपैंया मात्र ब्यय अनुमान गरिएको छ। जसमध्ये प्रशासनिक खर्चतर्फ रू. ४ करोड ६१ लाख ५० हजार विनियोजन गरिएको छ।**

### बगनासकाली गाउँपालिकाको सशक्तिकरण र पूँजीगत तर्फको बजेट, योजना/कार्यक्रम
### आ. व. २०७५/०७६

| क्र. सं. | विवरण | विनियोजित बजेट रू. | कैफियत |
|---|---|---|---|
| १ | गाउ/पालिकामा प्राप्त कूल बजेट | ८८७६००००।०० | |
| २ | समपुरक कोष | ५०००००००।०० | |
| | घटाई बांकी : | ८३७६००००।०० | |
| ३ | लक्षित वर्ग (बालबालिका) | १०००००००० | |
| | घटाई बांकी : | ७३७६००००।०० | |
| ४ | लक्षित वर्ग (महिला) | १३५००००।०० | |
| | घटाई बांकी : | ७२४१००००।०० | |
| ५ | अन्य लक्षित वग (आ:ज:द:जे:युवा) | २२५००००।०० | |
| | घटाई बांकी : | ७०१६००००।०० | |
| ६ | विषयगत समिति(शि:स्वा:कृ:प:आ:म:बा:स:) | १३००००००।०० | |
| | घटाई बांकी : | ५७१६००००।०० | |
| ७ | गा:पा:स्तरिय कार्यक्रम | २४४००००।०० | |
| | घटाई बांकी : | ३२७६००००।०० | |
| ८ | वडा स्तरिय कार्यक्रम | ३२७६००००।०० | |

0

## वार्षिक श्रोत अनुमान र वजेट सीमा निर्धारण २०७५/०७६

| क्र.सं. | शिर्षक | आय | ब्यय | कैफियत |
|---|---|---|---|---|
| | सशर्त अनुदान | १५६८०००००।०० | १५६८०००००।०० | |
| १ | वित्तिय समानिकरण अनुदान | ७८००००००।०० | ७८००००००।०० | |
| २ | राजश्व बाँडफाँड अनुदान | ५२८२८०००।०० | ५२८२८०००।०० | |
| ३ | समपुरक कोष अनुदान | २५००००००।०० | २५००००००।०० | |

| | | | | |
|---|---|---|---|---|
| ४ | आन्तरिक श्रोत | ६८०००००।०० | ६८०००००।०० | |
| ५ | प्रदेश सभा अनुदान | १५०००००००।०० | १५०००००००।०० | |
| ६ | गैसस र अन्य श्रोत | २००००००००।०० | २००००००००।०० | |
| ७ | सामाजिक सुरक्षा | १००००००००००।०० | १००००००००००।०० | |
| ८ | संचित कोष(अल्या) | २५००००००।०० | २५००००००।०० | |
| | कुल जम्मा : रु | ४३,४४,२८,०००।०० | ४३,४४,२८,००० | |
| | | | | |

## गाउँपालिका स्तरीय बजेट सिलिङ्ग तथा कार्यक्रम र योजना

**रू.** २,४४,००,०००।००

| क्र. सं. | योजना/कार्यक्रमको बिवरण | विनियोजित रकम रू. | कैफियत |
|---|---|---|---|
| १ | विद्युत पोल खरिद | ५००००००।०० | |
| २ | मर्मत कोष | ११००००००।०० | |
| ३ | दैवी प्रकोप उद्धार कोष | ५०००००।०० | |
| ४ | फूसरहित घर अभियान | १५०००००।०० | |
| ५ | खानेपानी पाईप खरिद | ५०००००।०० | |
| ६ | सिंचाई पाईप खरिद | ५०००००।०० | |
| ७ | धार्मिक क्षेत्र संरक्षण/सहयोग | १००००००।०० | |
| ८ | बांदर नियन्त्रण अध्ययन | ५०००००।०० | |
| ९ | विषयगत समिति | ५०००००।०० | |
| १० | तारजाली खरिद | ५०००००।०० | |
| ११ | फर्निचर फर्निशिङ | ५०००००।०० | |
| १२ | मेशिनरी | ५०००००।०० | |
| १३ | सवारी साधन खरिद | १५०००००।०० | |
| १४ | इन्टरनेट जडान | १००००००।०० | |
| १५ | उपभोक्ता समिति गठन/तालिम | २०००००।०० | |
| १६ | लिफ्टिङ खा.पा. महशूल अनुदान | ५०००००।०० | |
| १७ | पत्रकार क्षमता विकाश कार्यक्रम | ५०००००।०० | |
| १८ | कालिगण्डकी लिफ्टिङ खा.पा. | २५०००००।०० | |
| १९ | यल्टा गैरा लिफ्टिङ खा.पा. | ७०००००।०० | |
| २० | झूम्सा, चरङ्गे मो.बा., | ५०००००।०० | |
| २१ | न्यायिक समिति कक्ष व्यवस्थापन र मेलमिलाप तालिम | ५०००००।०० | |
| २२ | यूमैखोला खा.पा. | ७०००००।०० | |
| २३ | लिदिन खोला खा.पा. | ७०००००।०० | |
| २४ | कूरिनढाप खा.पा. | ७०००००।०० | |

| | | | |
|---|---|---|---|
| २५ | दरुङ्गा खा.पा. | ४०००००।०० | |
| २६ | मरेक्टुङ् खा.पा. | ३०००००।०० | |
| २७ | शिवालय लहरेपिपल मो.बा. | ७०००००।०० | |
| २८ | खानीछाप बैकल्पिक बाटो | २०००००।०० | |
| २९ | सार्वजनिक सूनूवाइ | २०००००।०० | |
| | जम्मा :रु. | २४४००००००।०० | |

**प्रशासनिक खर्च तर्फ २०७५/०७६** **रू.** ४,६१,५०,०००।००

| क्र. सं. | बिवरण | विनियोजित रकम रू. | कैफियत |
|---|---|---|---|
| १ | तलव (ग्रेड, संचयकोष, वीमा) | १५००००००।०० | |
| २ | पदाधिकारी पारिश्रमिक | ६४००००००।०० | |
| ३ | पदाधिकारी, कर्मचारी दैभभ | १००००००।०० | |
| ४ | महङ्गी भत्ता | ७०००००।०० | |
| ५ | सरुवा भ्रमण भत्ता | २०००००।०० | |
| ६ | पोशाक भत्ता | ६०००००।०० | |
| ७ | अन्य भत्ता | ०।०० | |
| क | पदाधिकारी वडा बैठक | २६०००००।०० | |
| ख | पदाधिकारी गापा बैठक | ८५००००।०० | |
| ८ | बिजुली, पानी महसुल | ५०००००।०० | |
| ९ | इन्टरनेट, संचार महसुल | ६०००००।०० | |
| १० | घर भाडा | २०००००।०० | |
| ११ | अन्य भाडा | ५०००००।०० | |
| १२ | इन्धन पदाधिकारी, कर्मचारी | १५०००००।०० | |
| १३ | संचार(पदाधिकारी, कर्मचारी) | १५०००००।०० | |
| १४ | संचालन तथा मर्मत | १००००००।०० | |
| १५ | विमा प्रिमियम | ५०००००।०० | |
| १६ | कार्यालय सम्वन्धि खर्च | ०।०० | |
| क | वडा कार्यालय संचालन | १००००००।०० | |
| ख | गापा कार्यालय संचालन | १५०००००।०० | |
| १७ | इन्धन सवारी प्रयोजन | ५०००००।०० | |
| १८ | सेवा तथा परार्मश | १५०००००।०० | |
| १९ | पदाधिकारी तालिम | ५०००००।०० | |
| २० | कर्मचारी तालिम | ५०००००।०० | |
| २१ | अनुगमन | ७०००००।०० | |
| २२ | विविध खर्च | ०।०० | |
| क | गापा कार्यालय | १००००००।०० | |
| ख | वडा कार्यालय | १५०००००।०० | |
| २३ | पुस्तक /छपाई | ५०००००।०० | |
| २४ | विज्ञापन/पत्रपत्रिका | ८०००००।०० | |

| | | | |
|---|---|---|---|
| २५ | कर्मचारी कल्याणकोष | ३०००००।०० | |
| २६ | डेलिगेशन | ५०००००।०० | |
| २७ | अवलोकन भ्रमण | | |
| क | पदाधिकारी | ५०००००।०० | |
| ख | कर्मचारी | ५०००००।०० | |
| २८ | कार्यालय अन्य सामान | ३०००००।०० | |
| २९ | अन्य ईन्धन | २०००००।०० | |
| ३० | भैपरी | २०००००।०० | |
| | जम्मा : रु | ४६१५००००।०० | |

# नीतिगत निर्णयहरू

निर्णय नं.-१

आ.ब. २०७४/०७५ मा कार्यालयहरूबाट सम्पन्न भएका योजनाहरू तथा गाउँपालिका केन्द्रवाट सम्पादन भएका योजनाहरू तथा कार्यक्रमहरू जाँचपास तथा फरफारक सम्वन्धी निर्णयहरूलाई अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं.-२

मिति २०७४।०५।१४ गते गरिमामय प्रथम गाँउसभा सम्पन्न भए पछाडी गाउं कार्यपालिका वैठकले गरेका सबै निर्णय सर्वसहमतिबाट अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं.-३

गाउँपालिकाको विकासमा महत्वपूर्ण योगदान पुऱ्याएका एवं उत्कृष्ट कार्य गर्ने उत्कृष्ठ कृषक, गै.स.स., संचारकर्मी, उपभोक्ता समिति, पर्यटन ब्यवसायी, उद्योगी, निर्माण ब्यवसायी, कर्मचारी, आमा समुह, सहकारी संस्था, युवा क्लव, सास्कृतिक खेलकुद टोली, स्थानिय झाकी, आदी लाई कार्यपालिकाको निर्णय अनुसार सम्मानित एवं पुरस्कृत गर्ने निर्णय गरियो ।

निर्णय नं.-४

वडा कार्यालयहरूले यस आ.ब. को बाँकी रहेको पेश्की फछ्र्यौट तदारूकताको साथ गर्ने साथै पेश्की माथी थप पेश्की नदिन एवं चालु आ.ब. को पेश्की सोहि आ.ब. मै फछ्र्यौट गराउने ब्यवस्था मिलाउन गाउँकार्यपालिका र वडा कार्यालयलाई निर्देशन गर्ने निर्णय गरियो ।

निर्णय नं. -५

आ.व.२०७४/०७५ को गाउँ सभाबाट बिनियोजन भएको मर्मत सम्भार कोष, विपद्व्यवस्थापन कोष, समपूरक कोष लगाएतका कोषहरूको खर्च अनुमोदन गर्ने निर्णय गरियो साथै आ.व. २०७५/०७६ मा उल्लेखित कोषहरूको रकम संचालन कानुन बनाएर मात्र खर्च गर्ने निर्णय गरियो ।

निर्णय नं.-६

गाउँपालिका तथा वडा कार्यालयले पेश गरेको जिन्सी अभिलेख विवरणहरू व्यवस्थीत तरीकाले भण्डारण र लेखांकन गर्न सुझाव दिइयो ।

निर्णय नं. -७

यस अगाडी वडा कार्यालयमा अस्थायी करार र ज्यालादारीमा कार्यरत तथा गाउाकार्यपालिकामा ज्यालादारीमा कार्यरत कर्मचारीहरूलाई वितरण गरिएको तलव भत्ता सुविधा अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं. -८

गाउँपालिका र वडा कार्यालय वाट संचालीत योजना र खर्च को फरफारक र अनुमोदन गर्ने अधिकार गाउँ कार्यपालिका कार्यकारी वोर्ड लाई दिने निर्णय गरियो ।

निर्णय नं. -९

चालु शिर्षकको विनियोजित रकममा कुनै शिर्षकमा वढि र कुनै शिर्षकमा घटी मिलान गर्न वा सम्सोधन गर्ने अधिकार गाउँ कार्यपालिकालाई दिने निर्णय गरियो ।

निर्णय नं. १०

गाउँ कार्यपालिका, गाउँ सभा, वडा वैठक, विभिन्न विषयगत समितिको वैठक लगायत आवश्यकता अनुसार वसेका विभिन्न जिम्मेवारीका वैठकमा सहभागि पदाधिकारी तथ आमान्त्रीत सदस्य समेतलाई प्रति वैठक प्रति सदस्य रू १००० का दर ले वैठक भत्ता उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. -११

गाउँपालिकाको केन्द्र बगनासकाली वडा नं. १ को चिलाङ्गदी भन्ज्याङ्गमा तोक्ने निर्णय गरियो । साथै आवश्यक नि:शुल्क/सशूल्क जग्गा खोजि तथा अध्ययन गर्नका लागि गाउँ कार्यपालिकाबाट गठन गरिएको “कार्यालय भवन जग्गा ब्यवस्थापन समिति” लाई उपयुक्त र आवश्यक जग्गाको खोज गरी कार्यपालिकामा पेश गर्न जिम्मेवारी तोक्ने निर्णय गरियो ।

निर्णय नं. -१२

विषयगत कार्यालयका थप वजेट तथा कार्यक्रम हस्तान्तरण भई आएमा सम्वन्धीत वियगत मन्त्रालय, संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको निर्देशन समेत पालना गरि छुट्टाछुट्टै तोकिएर वाडफाड भई आयमा सोहि बमोजिम हुने, बाँडफाँड र नतोकि आयमा कार्यपालिका वोर्डले वडा कार्यालय वाट राय परामर्श समेत माग गरि न्यायोचित र विवेकशिल निर्णय वाट तोके बमोजिम खर्च गर्ने गरी गाउाकार्यपालिका वोर्डलाई जिम्मेवारी दिने निर्णय गरियो।

निर्णय नं.-१३

यहि मिति २०७५/०४/ १ गतेवाटै लागु हुनेगरी गाउँपालिकाले गाउँपालिका क्षेत्र भित्र निर्माण हुने घर भवन तथा संरचनाको कानुनि प्राप्त अधिकार अर्न्तगतनै नक्शापास गर्ने कार्यलाई अनिर्वाय कार्यन्वयन गर्ने साथै नक्सापास सम्वन्धमा केन्द्रले हाल तोकेका सडक लगाएतको मापदण्डलाई हुवहु लागु गर्ने र अन्य अस्पष्ट हुने मापदण्डको हकमा न्यायोचित र दिर्घकालिन हित हुने गरि गाउँ कार्यपालिकाले निर्णय गरे वमोजिम हुनेगरि कार्यपालिका वोर्ड लाई जिम्मेवारी दिने निर्णय गरियो।

निर्णय नं.-१४

आगामी आ.व.को श्रावण १ गते वाट अनिवार्यरूपमा सम्पतिकर लागु गरिने हुँदा त्यसको लागि आवश्यक पर्ने सफ्टवेयर खरिद गर्ने, कर्मचारीलाई तालिम प्रदान गर्ने, कार्यविधि तयार गर्ने लगायतका अन्य मुल्यांकनका आवश्यक मापदण्डको व्यवस्थापन गर्न गाउँ कार्यपालिका वोर्डले निर्णय गरे वमोजिम हुने गरि कार्यपालिकालाई जिम्मेवारी दिने निर्णय गरियो।

निर्णय नं.-१५

संचार सुविधा अर्न्तगत गा.पा. को प्रशासनिक खर्च शिर्षकमा विनियोजित रकम वाट सम्पूर्ण जनप्रतिनिधिज्यूहरूलाई मासिक रू १,०००।- र यातायात सुविधा अन्तर्गत मासिक रू. १,०००।- का दरले उपलब्ध गराउने निर्णय गरियो।

निर्णय नं.१६

संचार सुविधा अर्न्तगत गा.पा. को प्रशासनिक खर्च शिर्षकमा विनियोजित रकम वाट सम्पूर्ण कार्मचारीहरूलाई मासिक रू.१,०००।- र यातायात सुविधा बापत रू १०००।- का दरले उपलब्ध गराउने निर्णय गरियो।

निर्णय नं.-१७

गाउँपालिकाका पदाधिकारी ज्यूहरूबाट गाउसभा तयारी तथा सम्पन्न गरे वपात आन्तरिक श्रोतबाट ब्यय हुने गरी अध्यक्ष ज्यूलाई रू. १०,०००।-, उपाध्यक्षज्यूलाई रू. ९,०००।- वडाध्यक्ष र का.पा. सदस्यहरूलाई रू. ८,०००।- र गा.पा. सदस्यहरूलाई रू. ५,०००।- का दरले तथा गाउँपालिका केन्द्रका दरवन्दी भित्रका कर्मचारी तथा वडा सचिवहरूलाई १५ दिनको तलव बरावरको सुविधा खटाइएका आधारमा एकमुष्ठ उपलव्ध गराउने निर्णय गरियो।

निर्णय नं. १८

गाउंपालिकाका नियमानुसार फिल्डमा खटिने प्राविधिक कर्मचारी इन्जिनियर र सब इन्जिनियरहरूलाई मासिक रू. ८,०००।- (आठ हजार) कन्टेन्जेन्सीबाट ब्यय हुने गरी खाजा, खाजा र यातायात खर्च उपलव्ध गराउने निर्णय गरियो।

निर्णय नं.-१९

गाउँपालिकाका कार्यकारी अधिकृतलाई आवास सुविधा उपलब्ध गराउने निर्णय गरियो।

निर्णय नं.-२०

गाउँपालिका केन्द्र र वडा कार्यालयहरूमा रहेका सवारी साधन तथा मेशिनरी औजारहरूको मर्मत गर्नु परेमा कार्यकारी अधिकृतबाट मर्मत आदेश स्वीकृत गराएपछि तोकिएको स्थानमात्र मर्मत गर्ने गराउनु पर्ने निर्णय गरियो।

निर्णय नं.२१

गै.स.स. लगायत अन्य निजि क्षेत्रवाट हाल गाउँ सभामा कुनै वजेट कार्यक्रम पेश हुन नआएको हुंदा पछि पेश हुन अएकोमा कार्यपालिकले स्वीकृति दिई संचालन गर्ने तर त्यस्ता कार्यक्रमको अनुगमन जााच पास फरफारक समेत कार्यपालिका वाट गर्ने र वार्षिक प्रगती तयार गरि सार्वजानिकिकरण गर्ने गारि कार्यपालिका वोर्डलाई अधिकार दिने निर्णय गरियो ।

निर्णय नं. -२२

गाउँपालिका केन्द्रमा कम्तिमा १ वटा सरकारी वैंक/शाखा आवश्यक परेको हुंदा सो वैंक स्थापनाको लागि नेपाल सरकार तथा राष्ट्र वैंक संग अनुरोध गर्ने साथै वैंक स्थापना सम्वन्धमा अन्य काम कार्वाहिको लागि कार्यपालिकाको निर्णय वमोजिम हुने निर्णय गरियो ।

निर्णय नं.२३

प्रदेश सरकारवाट वित्तिय वाांडफााड तथा अन्य प्रकृयावाट हस्तान्तरण तथा थप भई आउने वजेट तथा कार्यक्रमको विनियोजन तथा खर्च कार्यपालिकाको निर्णय वमोजिम हुनेगरि कार्यपालिकालाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

निर्णय नं.-२४

बगनासकाली गाउँपालिकामा सुरक्षा व्यवस्था मिलाउन इन्सपेक्टरको कमाण्ड सहितको प्रहरी कर्मचारी टिम स्थाई रूपमा खटाउने व्यवस्था तथा प्रहरी भवन निर्माण योजना स्वीकृत तथा वजेट व्यवस्थापन हुन नेपाल सरकार गृह मन्त्रालयमा अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं.-२५

विकासात्मक योजनाहरू  कार्यान्वयन गर्दा ३ प्रतिशत कन्टेन्जेन्सी रकम  योजना रकमबाट गाउँपालिकाले काट्नेछ, यस्तो रकम गाउ कार्यपालिकाको निर्णय अनुसार खर्च गरिने छ । योजना संचालन गर्दा सहभागितामूलक योजनामा अनिवार्य ५ प्रतिशत कन्ट्रीब्यूशन ईन क्यासमा काटिनेछ र यस्तो रकम सम्वन्धित योजनाको किस्ता रकम भुक्तानी दिंदा संगै भुक्तानी दिइनेछ ।

निर्णय नं. -२६

गाउँपालिका क्षेत्रभित्र भवन निर्माण गर्दा सडक अधिकार क्षेत्र भन्दा ५ मिटर वढी जग्गा छाडी घर/भवन निर्माण गर्न दिने निर्णय गरियो ।

निर्णय नं.-२७

उज्यालो बगनासकाली अभियानका लागि गाउँपालिका क्षेत्रभित्र रहेका जीर्ण काठका विद्युत पोलहरूलाई फलामे पोलहरूले विस्थापन गर्न प्राविधिक प्रतिवेदन र विद्युत प्राधिकरणको समन्वयमा गाउंसभाबाट गा.पा. स्तरीय कार्यक्रममा विनियोजित रू. ५० हजार नियमानुसार खर्च गर्ने निर्णय गरियो ।

निर्णय नं.-२८

गाउंपालिका क्षेत्रभित्र रहेका खरका घरहरू आर्थिक सामाजिक कमजोरीका दृष्टिले टिन/जस्तापाताले छाउन नसक्ने विपन्न परिवारलाई आवश्यक बजेट विनियोजन गरि तोकिएको कार्यविधि अनुसार खररहित घर अभियान संचालन गर्ने निर्णय गरियो । र यो अभियान वहुवर्षिय रूपमा खर विहीन घर नहुन्जेलसम्म लागू गर्ने निर्णय गरियो ।

निर्णय नं.-२९

बगनासकाली गाउंपालिकालाई सूचना तथा संचार मैत्री वनाउन उपयुक्त स्थानमा एक सामुदायिक एफ.एम संचालन गर्ने निर्णय गरियो ।

निर्णय नं.-३०

बगनासकाली गा.पा. को गतिविधि, उपलब्धी, कार्यक्रम र  अवस्थामा सुधार ल्याउन "**बगनासकाली आवाज**" द्विमासिक सन्देश प्रकाशन गर्ने निर्णय गरियो ।

निर्णय नं.-३१

गाउंपालिकाका सबै घरधुरीहरूलाई स्वास्थ्य वीमाको दायरामा ल्याउन निश्चित बजेट विनियोजन गरी वीमा अभियान शुरूवात गर्ने निर्णय गरियो।

निर्णय नं.-३२

मातृ सुरक्षा र सुपोषणका लागि गर्भवती आमा-बच्चाको लागि स्वास्थ्य संस्थामा ४ पटक गर्भ जाँच र स्वास्थ्य संस्थामै डेलिभरी गराएमा प्रति आमा-बच्चा रू. १,०००।- उपलव्ध गराउने निर्णय गरियो। साथै आ.व. २०७८ भित्र सुन्य होम डेलिभरी घोषणा गर्ने निर्णय गरियो।

निर्णय नं.-३३

फोहर मैला ब्यवस्थापनको लागि गाउंपालिकाको उपयुक्त स्थानमा ल्याण्ड फिण्ड साइट/डम्पिङ्ग साइटको स्थापना गर्ने निर्णय गरियो।

निर्णय नं.-३४

बगनासकाली गाउँपालिका क्षेत्र भित्र प्रमुख समस्याको रूपमा रहेको बाँदर आतंक नियन्त्रणका लागि विशेष कार्यक्रम ल्याउने निर्णय गरियो।

निर्णय नं.-३५

गाउंपालिका को उपयुक्त स्थानमा २ प्राविधिक शिक्षालय स्थापना गर्ने निर्णय गरियो।

निर्णय नं.-३६

बगनासकाली गाउं कार्यपालिकाबाट विभिन्न मितिमा पारित भएका तपशिल वमोजिमका ऐन, कार्यविधि र नियमावलीहरू अनुमोदन गर्ने निर्णय गरियो।

१. बगनासकाली गाउँपालिका गाउँकार्यपालिका (बैठक संचालन कार्यविधि), २०७४
२. बगनासकाली गाउँपालिका गाउँ कार्यपालिका (कार्यविभाजन नियमावली),२०७४
३. बगनासकाली गाउँपालिका गाउकार्यपालिका (कार्यसम्पादन नियमावली) २०७४
४. बगनासकाली गाउँपालिकाको गाउँसभा संचालन कार्यविधि, २०७४
५. बगनासकाली गाउँकार्यपालिकाको निर्णय वा आदेश र अधिकार पत्रको प्रमाणिकरण कार्यविधि, २०७४
६. बगनासकाली गाउँपालिकाका पदाधिकारीहरूको आचार संहित, २०७४
७. बगनासकाली गाउँपालिकाको शिक्षा नियमावली, २०७४
८. बगनासकाली गाउँपालिकाको एफ.एम.रेडियो संचालन तथा व्यवस्थापन कार्यविधि, २०७४
९. बगनासकाली गाउँपालिकाकाबाट गरिने बजार अनुगमन कार्यविधि, २०७४
१०. बगनासकाली गाउँपालिकाको राजपत्र प्रकाशन सम्वन्धी कार्यविधि, २०७४
११. बगनासकाली गाउँपालिकाको न्यायिक समितिले उजुरी किनारा गर्दा अपनाउने कार्यविधि, २०७४
१२. बगनासकाली गाउँपालिकाको घ वर्गका निर्माण व्यवसायीको इजाजतपत्र सम्वन्धी कार्यविधि, २०७४
१३. बगनासकाली गाउँपालिकाकास्थानिय तहका उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन कार्यविधि, २०७४
१४. बगनासकाली गाउँपालिकाको करार जनसक्ति व्यवस्थापन कार्यविधि, २०७४
१५. बगनासकाली गाउँपालिकाको एकिकृत सम्पत्तीकर व्यवस्थापन कार्यविधि, २०७४
१६. बगनासकाली गाउँपालिकाको आर्थिक कार्यविधि नियमित तथा व्यवस्थि तगर्न बनेको कानुन, २०७४
१७. बगनासकाली गाउँपालिकाको शहकारी ऐन, २०७४
१८. बगनासकाली गाउँपालिकाको स्थानिय तह को प्रशासकिय कार्यविधि नियमित गर्ने ऐन, २०७४
१९. बगनासकाली गाउँपालिकाको आर्थिक ऐन, २०७४
२०. बगनासकाली गाउँपालिकाको विनियोजन ऐन, २०७५

निर्णय नं.-३७

बगनासकाली गाउँपालिका अन्तर्गत कृषि, स्वास्थ्य, पशु, आयुर्वेद लगायत विषयगत कार्यालयहरूमा कार्यरत अस्थायी/करार कर्मचारीहरूको म्याद २०७६ आषाढ मसान्तसम्म थप्ने निर्णय गरियो।

निर्णय नं.-३८

बगनासकाली गाउँपालिका अन्तर्गतका वडा कार्यालयमा वार्षिक विविध खर्च प्रति वडा रू. १ लाख ५० हजार मात्र सीमा निर्धारण गर्ने निर्णय गरियो । साथै उक्त रकम पेश्कीका रूपमा वडा सचिवलाई प्रथम चौमासिकमा रू. ५०,०००।-, पेश्की फछ्यौट भएपछि दोश्रो चौमासिकमा रू. ५०,०००।- र पे.फ. भएपछि अन्तिम चौमासिकमा रू. ५०,०००।- उपलव्ध गराउने निर्णय गरियो।

निर्णय नं.-३९

गाउँपालिका केन्द्रको दरवन्दीमा कार्यरत स्याथी कर्मचारी र वडा कार्यालयका स्थायी कर्मचारीहरूलाई कार्यालयको अतिरिक्त समयममा काम गरेको खण्डमा अतिरिक्त काम गरेवापत आन्तरिक श्रोतबाट ब्यय हुने गरी प्रतिदिन २ घण्टामा नवढ्ने गरी तपसिल वमोजिमको खाना, खाजा र यातायात उपलब्ध गराउने निर्णय गरियो

तपसिल :

| | | |
|---|---|---|
| क) अधिकृतस्तर | - प्रतिघण्टा | रू. १५०।- |
| ख) ना.सु. स्तर | - ,, | रू. ११०।- |
| ग) खरिदारस्तर | - ,, | रू. १०५।- |
| घ) का.सहयोगी | - ,, | रू. ५०।- |

निर्णय नं.-४०

बगनासकाली गाउँ पालिका क्षेत्र भित्र पर्ने नदी, खोलाहरूमा नदीजन्य श्रोतहरूको ठेक्का पट्टा गाउपालिका आफैले गर्ने ब्यवस्थाका लागि सम्वन्धित निकायमा आवश्यक पहल गर्ने निर्णय गरियो।

निर्णय नं.-४१

आर्थिक सहयोगमा विनियोजित रकमबाट अध्यक्षले अवस्था हेरी वढीमा १० हजार सम्म आर्थिक सहयोग दिन सक्नेछ।

निर्णय नं.-४२

आ.व. ०७४/०७५ भित्र नीतिद्धारा सम्चोधन गर्नु पर्ने विषयहरू छुट भएको भए समावेश गराउने अधिकार कार्यकारी वोर्डलाई दिने निर्णय गरियो।

निर्णय नं.-४३

पूर्वाधार निर्माण(सडक)को रकम विनियोजित रकम लगत, इष्टिमेट तयार गर्दा ढल, वाल तथा नाला सहितको बनाउने निर्णय गरियो।

निर्णय नं.-४४

५लाख वा सो भन्दा माथिका योजनाहरूमा पारदर्शिताका लागि अनिवार्यरूपमा होडिङ्ग बोर्ड राख्ने निर्णय गरियो।

निर्णय नं.-४५

उपभोक्ता समितिबाट काम गराउँदा २० लाख भन्दा माथिका योजनाहरूमा ०.५ प्रतिशत र सो भन्दा कमका योजनाहरूमा १ प्रतिशत व्यवस्थापन खर्च दिने निर्णय गरियो।

निर्णय नं.-४६

जनप्रतिनिधिहरू तथा गा.पा./वडा कार्यालयहरूलाई विकास निर्माण र जनसेवामा सहयोग पुऱ्याउन प्रत्येक वडामा आवश्यक संख्यामा टोल विकास संख्या गठन र परिचालन गर्ने निर्णय गरियो।